८२६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २९४/२०७२/०७३
निर्णय नं. ३८

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेत ..............................................१ निवेदक

विरूद्ध

प्रमुख आयुक्त, नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं ............................१ विपक्षी
सूचना अधिकारी (निर्देशक), नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं ............१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नू ।

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेतले नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७२।०४।२५ को आदेश बमोजिम नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौंको मिति २०७२।०५।०८, प.सं. ६७।०७२।०७३ को पत्र मार्फत निवेदकले माग गरेको सूचना उपलब्ध गराएको देखिएकोले यसमा थप केही गर्नु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ १४ गते रोज २ शुभम् ।